# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, असार २ गते २०६५ साल (संख्या १०


## भाग ३

### नेपाल सरकार

### गृह मन्त्रालयको सूचना

### अध्यागमन (पाँचौं संशोधन) नियमावली, २०६४

अध्यागमन नियमावली, २०५१ लाई संशोधन गर्न वान्छनीय भएकोले, अध्यागमन ऐन, २०४९ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "अध्यागमन (पाँचौं संशोधन) नियमावली, २०६४" रहेको छ।

(२) यो नियमावली नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **अध्यागमन नियमावली, २०५१ को नियम ७ मा संशोधन** : अध्यागमन नियमावली, २०५१ (यस पछि "मूल नियमावली" भनिएको)को नियम ७ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) नेपाल सरकारबाट प्राप्त छात्रबृत्ति अन्तर्गत वा नेपाल सरकारबाट स्वीकृत कार्यक्रम अर्न्तगत वा दुई

• आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विश्वविद्यालय बीच भएको सम्झौता अन्तर्गत अध्ययन तथा अनुसन्धान गर्न आउने वा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रहरुबाट अध्ययन गर्न आउने विदेशी वा माध्यमिक तहसम्मको अध्ययन गर्न आउने विदेशी बाहेक आफू खुशी अध्ययन तथा अनुसन्धान गर्न चाहने अन्य विदेशीलाई नेपालमा रहँदा एकै पटक वा मासिक दामासाहीमा वार्षिक न्यूनतम तीन हजार अमेरिकी डलर वा सो बराबरको नेपाली मुद्रा र निजका परिवारको हकमा वार्षिक न्यूनतम दुई हजार अमेरिकी डलर वा सो वरावरको नेपाली मुद्रा खर्च ग सक्ने आधिकारिक स्रोत वा सो वरावरको वैदेशिक मुद्राको सटही रसिद वा सो बराबरको नेपाली मुद्रा स्थानीय वैंकमा मौज्दात रहेको कागजात पेश गरेको आधारमा मात्र अध्ययन भिसा दिइने छ ।"

(२) उपनियम (३) पछि देहायको (३क). थपिएको छ :-

"(३क.) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक विषयमा अध्ययन गर्नेहरुको हकमा सम्बन्धित विषयमा शैक्षिक उपाधि अबधिसम्मको लागि एकैपटक अध्ययन भिसा दिन सकिनेछ ।"

३. <u>मूल नियमावलीको नियम ८ मा संशोधन</u> : मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (ज१) को सट्टा देहायको खण्ड (ज१) राखिएको छ :-

"(ज१) नेपाली मूलका विदेशी वा नेपाली बाबु वा आमाको विदेशी राहदानी वाहक सन्तान नेपालमा कुन नातेदार भेट्न आउने भएमा वा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशीका बाबु, आमा, दाजु, भाइ, दिदी वा वहिनी सम्बन्धित दूतावासको नाता खुलेको सिफारिससहित निजलाई भेट्न आउने भएमा,

<u>स्पष्टीकरण</u> : यस खण्डको प्रयोजनका लागि "नातेदार" भन्नाले बाबु वा आमापट्टिको तीन पुस्ताभित्रको व्यक्तिलाई जनाउनेछ ।"

(ख) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ञ) उद्योग वा व्यवसायको सम्भाव्यता अध्ययन गर्न बढीमा ६ महिनासम्मका लागि सम्बन्धित मन्त्रालयको सिफारिश प्राप्त विदेशीहरु,

तर यस खण्ड बमोजिमका विदेशीहरुले भिसा निवेदन फाराम साथ लगानीको स्रोत खुलेको कागजात, लगानीकर्ताको योग्यता तथा अनुभव सम्बन्धी विवरणहरु समेत पेश गर्नुपर्नेछ ।"

(२) उपनियम (३) झिकिएको छ ।

४. **मूल नियमावलीको नियम १० मा संशोधन** : मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छ :-

"१० **अन्तरिम (ट्रान्जिट) भिसा** : (१) नेपालको विमानस्थल भई कुनै अर्को मुलुक जाने गरी हवाई टिकट सहित रात विताउने गरी नेपालमा प्रवेश गरेका विदेशीलाई वा कुनै कारणवश आकस्मिक रुपमा नेपालको विमानस्थलमा अवतरण गरेको बायुयानमा यात्रा गरिरहेको विदेशीलाई एक दिनका लागि अन्तरिम भिसा दिइनेछ ।

(२) उपनियम (१) बमोजिमको भिसाको लागि अनुसूची- ३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।"

५. **मूल नियमावलीको नियम ११ मा संशोधन** : मूल नियमावलीको नियम ११ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) उपनियम (१) को खण्ड (ङ) को आधारमा आवासीय भिसा प्राप्त गर्न चाहने विदेशीले एकमुष्ट वार्षिक बीस हजार अमेरिकी डलर वा सो वरावरको परिवर्त्य विदेशी मुद्रा नेपालमा खर्च गर्ने स्रोत प्रमाणित हुने कागजात र नवीकरण गर्न चाहने विदेशीले सो कागजात सहित एकमुष्ट वा पटक पटक उक्त रकम खर्च गरेको पुष्टि हुने प्रमाण पेश गर्नु पर्नेछ ।"

६. **मूल नियमावलीको नियम १२ मा संशोधन** : (१) मूल नियमावलीको नियम १२ को;

(१) उपनियम (१) को खण्ड (ग), (छ) र (झ) को सट्टा देहायको खण्ड (ग),(छ) र (झ) राखिएका छन् :-

| "भिसाको किसिम | भिसा दिने, नियमित गर्ने र नवीकरण गर्ने अधिकारी |
|---|---|

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) पर्यटक भिसा (१) भिसा वर्षमा पन्ध्र दिन, तीस दिन र नब्बे दिनको प्रवेश भिसाका लागि नियोग वा प्रवेश विन्दुको अध्यागमन अधिकृत,
(२) नेपाल प्रवेश गरिसकेका पर्यटकहरुको भिसा म्याद थप तथा नियमित गरिदिनका लागि महानिर्देशक

तर प्रस्थानका समयमा एकसय पचास दिनको अवधिभित्रको भए पन्ध्र दिनसम्मको भिसा प्रस्थान विन्दुमा अध्यागमन अधिकृतले नियमित गरिदिन सक्नेछ।

(छ) अन्तरिम भिसा अध्यागमन अधिकृत

(झ) गैर आवासीय नेपाली भिसा पहिलो पटकका लागि गृह मन्त्रालयको स्वीकृतिमा नियोग वा महानिर्देशक र नवीकरणका लागि महानिर्देशक"

(२) उपनियम (४) मा रहेका "भिसा जारी गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "भिसा सम्बन्धी निर्णय गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

७. <u>मूल नियमावलीको नियम १३ मा संशोधन</u> : मूल नियमावलीको नियम १३ को खण्ड (ख) पछि देहायको खण्ड (ग) र (घ) थपिएका छन् :-

"(ग) यस नियमावली बमोजिम बस्न पाउने अवधि व्यतित गरिसकेका,

(घ) प्रवेश गर्न आउने विदेशीको यात्रा सम्बन्धी कागजात शंकास्पद देखिएमा ।"

८. <u>मूल नियमावलीको नियम १४ मा संशोधन</u> : मूल नियमावलीको नियम १४ मा रहेको "विदेशीलाई" भन्ने शब्दको सट्टा "व्यक्तिलाई" भन्ने शब्द राखिएको छ ।

९. <u>मूल नियमावलीको नियम १६ मा संशोधन</u> : मूल नियमावलीको नियम १६ को उपनियम (१) पछि देहायको उपनियम (१ क.) थपिएको छ :-

"(१ क.) अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गरी नेपाल बाहिर प्रस्थान गर्ने र नेपालभित्र प्रवेश गर्ने प्रत्येक नेपालीले क्रमशः

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- ६ (ख) र अनुसूची - ६ (ग) बमोजिमको ढाँचामा प्रस्थान वा आगमन फाराम भरी कार्यालयमा बुझाउनु पर्नेछ ।"

१०. मूल नियमावलीको नियम १९ मा संशोधन : मूल नियमावलीको नियम १९ को सट्टा देहायको नियम १९ राखिएको छ :-

"१९. उपस्थिति दर्ता गर्ने तथा ठेगाना परिवर्तनको सूचना दिनु पर्ने: (१) पर्यटक भिसा बाहेक अन्य भिसामा ६ महिना भन्दा बढी अबधिसम्म नेपालमा बस्न पाउने गरी अनुमति प्राप्त गरेका विदेशीहरुले उपस्थिति दर्ता प्रयोजनका लागि अनुसूची-७ (ख) बमोजिमको ढाँचामा विवरण भरी विभाग वा विभागले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ र अनुसूची- ७ (ग) बमोजिम सो को अभिलेख राखी विभाग वा विभागले तोकेको कार्यालयले निजलाई अनुसूची-७(घ) बमोजिमको उपस्थिति दर्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ । भिसा अबधि थप भएको अवस्थामा उपस्थिति दर्ता प्रमाणपत्रको नवीकरण समेत गराउनु पर्नेछ ।

(२) भिसा लिन वा भिसाको म्याद थप्नको लागि निवेदनमा उल्लेख गरिएको वा उपस्थिति दर्ता प्रयोजनका लागि बुझाएको विवरणमा उल्लेख भएको नेपालमा वस्ने ठेगाना परिवर्तन गरेमा उपस्थिति दर्ता प्रमाणपत्र लिएका विदेशीले भए विभागमा वा दर्ता प्रमाणपत्र दिने कार्यालयमा र सो वाहेकका अन्य विदेशीले भए विभाग वा कार्यालय वा स्थानीय प्रहरी कार्यालयमा आफ्नो नाम, राहदानी नम्बर र नयां ठेगानाको सूचना दिनु पर्नेछ ।

(३) एक सय वीस दिनभन्दा बढी नेपालमा बसोबास गरेको कुनै विदेशीले नेपालको कुनै स्थानमा तीन दिनभन्दा बढी समय विताउने गरी गएमा आफ्नो नाम, राहदानी नम्बर र ठेगाना समेत खुलेको विवरणसहित त्यस्तो स्थानको स्थानीय प्रहरी कार्यालयमा आफ्नो उपस्थिति दर्ता गराउनु पर्नेछ ।"

११. मूल नियमावलीको नियम २२ मा संशोधन : मूल नियमावलीको नियम २२ को सट्टा देहायको नियम २२ राखिएको छ:-

"२२. भिसा नियमित गर्ने: प्रचलित कानून बमोजिम कारवाहीको सिलसिलामा कुनै विदेशी थुनिएमा वा थुनिएको आधिकारिक जानकारी प्राप्त भएमा वा निज उपर कुनै कानुनी कारवाही चलेकोमा सोको किनारा नभएसम्मको लागि नेपालमा निजको

उपस्थिति आवश्यक पर्ने अवस्था भएमा विभागले निजलाई सोही व्यहोरा उल्लेख गरी ऐनमा ब्यवस्था भए अनुसार भिसा नियमित गरिदिनु पर्नेछ । थुनाबाट मुक्त भएको वा कानुनी कारवाहीको किनारा लागेको मितिले सामान्यतया सात दिनभित्र त्यस्तो विदेशीलाई नेपालबाट निष्काशन वा प्रस्थान गराउन सकिने छ ।"

१२. **मूल नियमावलीको नियम २५ मा संशोधन** : मूल नियमावलीको नियम २५ मा रहेका "आफ्नो देशमा फर्कनको लागि" भन्ने शब्दहरुको सट्टा "नेपाल बाहिर प्रस्थान गर्ने प्रयोजनका लागि" भन्ने शब्दहरु राखिएका छन् ।

१३. **मूल नियमावलीको नियम २६ मा संशोधन** : मूल नियमावलीको नियम २६ मा रहेका "प्राप्त गरेको अवस्थामा" भन्ने शब्दहरु पछि "कुटनैतिक वा औपचारिक भिसाका हकमा परराष्ट्र मन्त्रालय र अन्य भिसाका हकमा" भन्ने शब्दहरु थपिएका छन् ।

१४. **मूल नियमावलीको नियम २८ मा संशोधन** : मूल नियमावलीको नियम २८ को उपनियम (१) को,-

(१) खण्ड (झ) को अन्त्यमा "वा जुन प्रयोजनका लागि भिसा लिएको हो, सो समय अगावै त्यस्तो प्रयोजन समाप्त भएमा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपिएको छ :-

"(ञ) एक प्रकारको भिसामा बसिरहेको अवस्थामा अन्य भिसा दिनु पर्ने गरी सम्बन्धित निकायबाट सिफारिस प्राप्त भएमा वा भिसाका लागि आवेदन गरेमा त्यस्तो विदेशीलाई नयाँ भिसा जारी गर्नको लागि साविक भिसा रद्द गर्नु परेमा ।"

१५. **मूल नियमावलीको नियम ३१ मा संशोधन** : मूल नियमावलीको नियम ३१ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(छ) नेपाल सरकारको छात्रबृत्ति वा नेपाल सरकारबाट बजेट विनियोजन भएको स्वीकृत कार्यक्रममा भाग लिन आउने वा नेपाल सरकारसँग भएको सम्झौतामा भिसा दस्तुर छुट दिइने उल्लेख भएका व्यक्तिहरुलाई,"

१६. **मूल नियमावलीको नियम ३१ क. मा संशोधन** : मूल नियमावलीको नियम ३१क. को खण्ड (क) को अन्त्यमा रहेका "परराष्ट्र मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "परराष्ट्र मन्त्रालय, प्रवेश भिसाका रुपमा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कूटनैतिक वा औपचारिक भिसा जारी गर्दा विदेशस्थित नेपाली नियोगहरु र अध्यागमन अधिकृत" भन्ने शब्दहरु राखिएका छन् ।

१७. **मूल नियमावलीको नियम ३२ मा संशोधन** : मूल नियमावलीको नियम ३२ मा रहेको "कुनै" भन्ने शब्दको सट्टा "अनुमति लिई पदयात्रा गर्नुपर्ने" भन्ने शब्दहरु राखिएका छन् ।

१८. **मूल नियमावलीको नियम ३४ मा संशोधन** : मूल नियमावलीको नियम ३४ को सट्टा देहायको नियम ३४ राखिएको छ :-

"३४ **पद यात्रीहरुको अधिकतम संख्या निर्धारण गर्न सक्ने** (१) नेपाल सरकारले नेपालभित्रको कुनै पनि पदयात्रा क्षेत्रमा पदयात्रा गराइने विदेशीहरुको अधिकतम संख्या वार्षिक रुपमा निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम संख्या निर्धारण भएकोमा सोभन्दा बढी हुने गरी विभागले पदयात्रा अनुमतिपत्र जारी गर्ने छैन ।

(३) पदयात्रा अनुमति लिनु नपर्ने क्षेत्रमा जाने पदयात्रीहरुको अभिलेख व्यवस्थापन प्रयोजनका लागि नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ ।"

१९. **मूल नियमावलीको नियम ३६ मा संशोधन**: मूल नियमावलीको नियम ३६ को सट्टा देहायको नियम ३६ राखिएको छ :-

"३६. **पदयात्रा क्षेत्र परिवर्तन गर्न सक्ने**: दैवी प्रकोप वा काबु बाहिरको परिस्थितिका कारण पदयात्रा अनुमतिपत्र लिइ सकेको क्षेत्रमा पदयात्रा गर्न नसक्ने अवस्था परी पर्याप्त कारण सहित आवेदन गर्न आएमा सोही आर्थिक वर्षभित्र प्रयोग हुने गरी सो पदयात्रा अनुमतिपत्रलाई समान दस्तुर लाग्ने अन्य क्षेत्रमा महानिर्देशकले परिवर्तन गरिदिन सक्नेछ ।"

२०. **मूल नियमावलीको नियम ३८ मा संशोधन** : मूल नियमावलीको नियम ३८ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) पदयात्रा गर्ने पर्यटक वा टोली वा पदयात्रा गराउने एजेन्सीले पदयात्रा प्रारम्भ गर्नु अघि साथै जाने नेपाली नागरिकको व्यक्तिगत दुर्घटना वीमा गर्नु पर्नेछ ।"

(२) उपनियम (३) मा रहेका "पदयात्रा गर्ने पर्यटक वा" भन्ने शब्दहरुपछि "एजेन्सी वा" भन्ने शब्दहरु थपिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. **मूल नियमावलीको नियम ३९ मा संशोधन** : मूल नियमावलीको नियम ३९ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) गृह मन्त्रालय मार्फत दस्तुर छुट गर्न लेखी आएका विदेशीहरु"

२२. **मूल नियमावलीको नियम ४१ मा संशोधन** : मूल नियमावलीको खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) प्रवेश, उपस्थिति वा प्रस्थानको समयमा कार्यालयले माग गरेमा पहिचान सम्बन्धी विवरण, छाँया चित्र, औंठा छाप र प्रवेश, उपस्थिति वा प्रस्थान सम्बन्धी कागजात उपल गराउनु पर्नेछ । "

२३. **मूल नियमावलीको नियम ४२ मा संशोधनः** मूल नियमावलीको नियम ४२ को, –

(१) खण्ड (क) मा रहेका "सम्बन्धित कार्यालयले माग गरेको समयमा" भन्ने शब्दहरुको सट्टा "अग्रिम रुपमा कार्यालयलाई" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) अन्य देशबाट निष्काशन गरी वा प्रवेश अस्वीकार गरी एजेन्सीको जिम्मा लगाई पठाइएका व्यक्तिहरुलाई सम्बन्धित कागजात सहित अध्यागमन कार्यालयको जिम्मा बुझाउनु पर्नेछ । "

२४. **मूल नियमावलीको नियम ४४ मा संशोधन** : मूल नियमावलीको नियम ४४ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) ऐन वा यस नियमावली बमोजिम प्रस्थान गराउनु वा निष्काशन गर्नु पर्ने विदेशीले नेपालबाट प्रस्थान नगरुन्जेलसम्मका लागि विभागले तोकेको वा उपलब्ध गराएको स्थानमा बस्नु पर्नेछ र त्यस्तो विदेशीले नेपालबाट प्रस्थान गर्दा लाग्ने खर्च आफैले व्यहोर्नु पर्नेछ ।"

२५. **मूल नियमावलीमा नियम ४४क. थपः** नियम४४ पछि देहायको नियम ४४ क. थपिएको छः-

"४४क. **कार्यविधि बनाउने अधिकारः** ऐन र यस नियमावलीको उद्देश्य पूर्ति गर्न तथा अध्यागमन सम्बन्धी कार्य प्रभावकारी र पारदर्शी बनाउन गृह मन्त्रालयले आवश्यक कार्यविधि बनाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागू गराउन सक्नेछ ।"

२६. **मूल नियमावलीको अनुसूचीमा संशोधन :** मूल नियमावलीको,-

(१) अनुसूची - ६, अनुसूची -६(क), अनुसूची - ९ र अनुसूची -१२ को सट्टा यसैसाथ संलग्न अनुसूची - ६,
अनुसूची - ६(क), अनुसूची - ९ र अनुसूची -१२ राखिएका छन् ।

(२) अनुसूची - ६(क) पछि यसैसाथ संलग्न अनुसूची - ६(ख) र अनुसूची - ६(ग) थपिएका छन् ।

(३) अनुसूची-७(क) पछि यसैसाथ संलग्न अनुसूची- ७(ख), अनुसूची -७(ग) र अनुसूची -७(घ) थपिएका छन् ।

२७. **झिकिएको** : मूल नियमावलीको ठाउँठाउँमा रहेको "अधिराज्य" र "शाही" भन्ने शब्द झिकिएको छ ।

मुद्रण विभाग

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची- ६
(नियम १६(१) सँग सम्बन्धित)

## विदेशीहरुका लागि आगमन फाराम

कार्यालय प्रयोगका लागि
नं.

१. नाम थर :
२. राष्ट्रियता :
३. लिङ्ग : पुरुष/महिला
४. जन्म मिति :
५. राहदानी नं. :
६(क). प्रवेश भिसा नम्बर :
(ख). भिसा बहाल रहने मिति :
७. पेशा :
८. आगमन प्रकार : हवाईमार्ग / स्थल मार्ग
९. उडान नं. :
१०. प्रवेश स्थल :
११. कहाँबाट आएको :
१२. कुन देशको बासिन्दा हो : शहर/राज्य :
मुलुक :
१३. पहिलो भ्रमण हो : हो/होइन
१४. एक्लै आएको/समुहमा आएको
१५. नेपालमा बस्ने ठेगाना र फोन नं. :
१६. बस्न चाहेको दिन/महिना
१७. भ्रमणको उद्देश्य :
अफिसियल/व्यवसायिक/पदयात्रा/पर्वतारोहण/तीर्थयात्रा/घुम्न/जल यात्रा/सम्मेलन/बैठक/अध्ययन अनुसन्धान/रोजगारी/अन्य
१८. प्रवेश मिति :

दस्तखत


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची- ६(क)
(नियम १६(१) सँग सम्बन्धित)

## विदेशीहरुका लागि प्रस्थान फाराम

कार्यालय प्रयोगका लागि
नं.

१. नाम थर :
२. जन्म मिति :
३. लिङ्ग : पुरुष/महिला
४. राष्ट्रियता :
५. राहदानी नं. :
६(क). अन्तिम भिसा नम्बर :
(ख). भिसा बहाल अवधि :
७. प्रस्थान प्रकार : हवाईमार्ग / स्थल मार्ग
८. उडान नं. :
९. प्रस्थान पछिको पहुँचस्थल :
१०. नेपालमा बसेको अवधि : दिन/महिना
११. प्रस्थान मिति :

दस्तखत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -६(ख)

नियम १६ (१ क) सँग सम्बन्धित

**नेपालीका लागि प्रस्थान फाराम**

| | | |
|---|---|---|
| नाम,थर : | | |
| जन्ममिति : साल महिना गते | | लिङ्ग : ☐ पुरुष ☐ महिला |
| राहदानी नं. : | जारी गरेको मिति : | स्थान : |
| राहदानी बहाल रहने अवधि : | | |
| नेपालको ठेगाना : | | |
| | भ्रमणको उद्देश्य | |
| ☐ सरकारी काम<br>☐ खेलकुद<br>☐ धार्मिक | ☐ स्वास्थ्य उपचार<br>☐ व्यापार<br>☐ मनोरंजन | ☐ अध्ययन/तालिम<br>☐ सभा/सेमिनार<br>☐ अन्य |
| बायुसेवा उडान नं.: | भ्रमण गरिने मुलुक: | पुगिने पहिलो शहर : |
| नेपाल बाहिर बिताउने अवधि : दिन महिना वर्ष | | |
| प्रस्थान मिति : साल | महिना | गते |
| | | ..... .... ......<br>हस्ताक्षर |

अनुसूची -६(ग)

नियम १६ (१ क) सँग सम्बन्धित

**नेपालीका लागि आगमन फाराम**

| | | |
|---|---|---|
| नाम,थर : | | |
| जन्म मिति : साल महिना गते | | लिङ्ग : ☐ पुरुष ☐ महिला |
| राहदानी नं. : | जारी गरेको मिति : | स्थान : |
| राहदानी बहाल रहने अवधि : | | |
| [illegible]लको ठेगाना : | | |
| बायुसेवा र उडान नं.: | भ्रमण गरेको मुलुक: | नेपाल आउनु अघिको शहर : |
| नेपाल बाहिर बिताएको अवधि : | | |
| आगमन मिति : साल | महिना | गते |
| | | ..... .... ...... हस्ताक्षर |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची- ७(ख)

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

## उपस्थिति दर्ता विवरण

कार्यालय :- ........................

१. सि.नं. :

२. नाम थर :

३. राष्ट्रियता : ४. उमेर :

५. राहदानी नं. र म्याद :

६. नेपालमा पाएको भिसाको प्रकार :

७. भिसाको मान्य अवधि :

८. सम्बद्ध संस्था :

राहदानी आकारको फोटो

९. संस्था रहेको ठेगाना : जिल्ला ............. न.पा./गा.वि.स. .................... वडा नं. ......

टोल ................. फोन नं. ..........

१०. पद/पेशा/व्यवसायको प्रकार :

११. नेपालमा बस्ने ठेगाना :-

जिल्ला ............. न.पा./गा.वि.स. .................... वडा नं. ......

टोल ................. फोन नं. ..........

१२. आफूसँग आश्रित वा नेपालमा सँगै रहेका परिवारको विवरण :

| सि.नं. | नाम, थर | उमेर | राहदानी नं. र म्याद | भिसाको मान्य अवधि | नाता |
|---|---|---|---|---|---|
| | | | | | |

.........

मिति :-

...............

दस्तखत

**कार्यालय प्रयोजनका लागि**

दर्ता नं. :-

मिति :-

अनुसूची- ७ (ग)
(नियम १९को उपनियम (१) सँग सम्बन्धित)

## उपस्थिति दर्ता अभिलेख

१. दर्ता नं. र मिति :
२. नाम, थर :
३. राष्ट्रियता :
४. राहदानी नं. :
५. भिसाको प्रकार र मान्य अबधि :
६. आफू सँग बस्ने परिवारको संख्या :
७. उपस्थिति दर्ता विवरणमा परिवर्तन भई सूचना गरिए अनुरुप परिवर्तन भएको विवरण :
(क) ..........................
(ख) ..........................
(ग) ..........................
(घ) ..........................
(ङ) ..........................
८. मान्य अबधि :
९. नवीकरण विवरण :

| साविक मान्य अवधि | नवीकरण मिति | थप मान्य अबधि | कर्मचारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- ७ (घ)
(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

## उपस्थिति दर्ता प्रमाणपत्र

दर्ता नं. :

राहदानी आकारको फोटो

१. नाम, थर :
२. राष्ट्रियता :
३. राहदानी नं. र मान्य अवधि :
४. पाएको भिसाको प्रकार :
५. भिसाको मान्य अवधि :
६. सम्वद्ध संस्थाको नाम :
७. नेपालमा रहेका परिवार संख्या :

..........................
प्रमाणित गर्ने

नवीकरण विवरण

| मिति | मान्य अवधि | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची- ९
(नियम २९ सँग सम्बन्धित)

भिसा दस्तुरः

१. नियोग वा प्रवेशस्थल स्थित कार्यालयले पर्यटक भिसा जारी गर्दा लाग्ने दस्तुरः

(क) पन्ध्र दिनको बहु प्रवेशी सुविधा सहितको भिसाका लागि २५ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

(ख) ३० दिनको बहु प्रवेशी सुविधा सहितको भिसाका लागि ४० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

(ग) ९० दिनको बहुप्रवेशी सुविधा सहितको भिसाका लागि १०० अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा ।

(घ) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रका राहदानी बाहकलाई ३० दिनसम्मको अवधिका लागि भिसा दस्तुर लाग्ने छैन ।

२. पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तुरः

(क) म्याद थप गर्न प्रति दिनको २ अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ख) म्याद थप अवधिका लागि मात्र मान्य हुने गरी बहुप्रवेशी सुविधा माग गरेमा खण्ड (क) बमोजिमको दस्तुरमा थप २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ग) पर्यटक भिसाको म्याद थप नगरी बसेका बिदेशीको भिसा नियमित गर्नु परेमा प्रति दिनको ३ अमेरिकी डलरका दरले हुने नेपाली मुद्रा यस नियमावली बमोजिम भिसा म्याद थप गर्दा लाग्ने साधारण दस्तुरमा थप दस्तुर लाग्ने छ ।

(घ) पर्यटक भिसामा बस्न पाउने अवधि १५० दिनभन्दा बढि अवधि भिसाको म्याद थप नगराई बसेका विदेशीका हकमा क्रम संख्या २ को खण्ड (ग) मा उल्लिखित दस्तुर र ऐनको दफा १०(४) बमोजिम हुन सक्ने जरिवाना समेत थप लाग्नेछ ।

(ङ) क्रम संख्या २ को खण्ड (क) मा जेसुकै लेखिएको भए तापनि पर्यटक भिसाको म्याद थप गर्ने प्रयोजनका लागि भिसा दस्तुरको गणना गर्दा १५ दिनभन्दा कम अवधिको भए १५ दिनको र सो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्दा बढी अवधिको भए क्रमसंख्या २ को खण्ड (क) बमोजिमको दस्तुर लाग्नेछ ।

३. **अध्ययन भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर :**

(क) प्रवेशको समयमा ३० दिनको अध्ययन भिसा जारी गर्नु परेमा ३० अमेरिकी डलर वा सो बराबरको अन्य परिबर्त्य बिदेशी मुद्रा ।

(ख) अध्ययन भिसा जारी गर्दा वा म्याद थप गर्दा शैक्षिक उपाधि प्राप्त हुने गरी (Degree Programme) अध्ययनरत विद्यार्थी र तिनका आश्रित परिवारलाई प्रति महिना २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा, शैक्षिक उपाधि प्राप्त नहुने गरी (Non Degree Programme) अध्ययनरत विद्यार्थी र तिनका आश्रित परिवारलाई प्रति महिना ५० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ग) बंगलादेशबाट अध्ययन गर्न आउने विद्यार्थी र तिनका आश्रित परिवारलाई पारस्परिकताको आधारमा बहुप्रवेशी अध्ययन भिसा जारी गर्दा बार्षिक अमेरिकी डलर १५ बराबरको नेपाली मुद्रा ।

(घ) माल्दिभ्सबाट अध्ययन गर्न आउने विद्यार्थी र तिनका आश्रित परिवारलाई पारस्परिकताको आधारमा बहुप्रवेशी अध्ययन भिसा जारी गर्दा बार्षिक २५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ङ) भुटानबाट अध्ययन गर्न आउने विद्यार्थी र तिनका आश्रित परिवारलाई बहुप्रवेशी अध्ययन भिसा जारी गर्दा मासिक १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(च) क्रम संख्या ३ को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रीलंका र पाकिस्तानबाट अध्ययन गर्न आउने विद्यार्थीलाई पारस्परिकताका आधारमा अध्ययन भिसा जारी गर्दा भिसा दस्तुर लाग्ने छैन । तर, यी विद्यार्थीका परिवारलाई अध्ययन भिसा जारी गर्दा मासिक १०(दश) अमेरिकी डलर बराबरको नेपाली मुद्रा भिसा शुल्क वापत लाग्नेछ ।

(छ) नेपाल स्थित विश्वविद्यालयहरु र विदेशी विश्वविद्यालयहरु बीच शिक्षक आदान-प्रदान कार्यक्रम अन्तर्गत नेपाल आई निःशुल्क अध्ययन भिसा प्राप्त गर्ने भनी निर्णय भएका विदेशीका आश्रित परिवारलाई अध्ययन भिसा जारी गर्दा मासिक दश अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ज) अध्यापन तथा अनुसन्धान गर्न आउने अन्य विदेशी र तिनका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आश्रीत परिवारलाई मासिक ४० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

४. **गैर पर्यटक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर :**

(क) प्रवेशको समयमा ३० दिनको गैर पर्यटक भिसा जारी गर्नु परेमा अमेरिकी डलर ३० वा सो बराबरको परिवर्त्य बिदेशी मुद्रा ।

(ख) नेपाली मूलका विदेशी र नेपाली बाबु वा आमाका विदेशी राहदानी बाहक सन्तानलाई प्रति महिना ५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ग) पत्रकारहरु र तिनका आश्रित परिवारलाई प्रति महिना १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(घ) नेपाल सरकारको कार्यालय वा आयोजनामा प्रत्यक्ष रुपमा संलग्न भई कार्यरत हुने बिदेशीहरु र तिनका आश्रित परिवारलाई प्रति महिना २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ङ) नेपाली नागरिकसँग विवाह गर्ने विदेशीलाई प्रति महिना १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(च) नेपाली नागरिकसँग बैबाहिक सम्बन्ध भएका विदेशीका बाबु, आमा, दाजु, भाइ, दिदी वा वहिनी निजलाई भेट्न आउने भएमा वा नातेदार भेट्ने प्रयोजनका लागि आउने अन्य विदेशीलाई प्रति महिना १५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(छ) नेपाल सरकार वा नेपाल सरकारको पूर्ण स्वामित्व रहेको संस्थासँग ठेक्का पट्टामा काम गर्ने श्रम स्वीकृती प्राप्त वा सन् १९८९ भन्दा अघिदेखि नेपालमा कुनै कारोवार गरि बसेका चिनीया नागरिकहरुलाई प्रति महिना २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ज) दातृराष्ट्र र नेपाल सरकारबीच सम्झौता भई दातृराष्ट्रको प्रत्यक्ष लगानीमा सञ्चालित गैर सरकारी संस्थामा कार्यरत विदेशी र तिनका आश्रित परिवारलाई प्रति महिना ३० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(झ) अन्य विदेशीहरुलाई प्रति महिना ६० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ञ) क्रम संख्या ४ को खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यागमन नियमावली, २०५१ लागु हुनु भन्दा अघि विदेशी सम्बन्धी नियमावली, २०३२ बमोजिम निशुल्क भिसा प्राप्त

गरिसकेका नेपाली पुरुष नागरिकसँग बैबाहिक सम्बन्ध भएका विदेशी महिलालाई बैबाहिक सम्बन्ध कायम रहेसम्म भिसा दस्तुर लाग्ने छैन ।

५. **ब्यावसायिक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर :**

(क) एक करोड रुपैयाँ भन्दा बढी ब्यक्तिगत लगानी गर्ने विदेशी र तिनका आश्रित परिवार वा संस्थाका अधिकृत प्रतिनिधिलाई एक बर्ष भन्दा कम अवधिको भिसा जारी हुने अवस्थामा बहुप्रवेशी ब्यावसायिक भिसा जारी गर्दा मासिक दश अमेरिकी डलर बराबरको नेपाली मुद्रा, बार्षिक रुपमा बहुप्रवेशी व्यावसायिक भिसा जारी ग एक सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा र पाँच बर्षको बहुप्रवेशी व्यावसायिक भिसा लिन चाहेमा तीन सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ख) एक करोड रुपैयाँ र सो भन्दा कम ब्यक्तिगत लगानी गर्ने बिदेशी र तिनका आश्रित परिवार वा संस्थाका अधिकृत प्रतिनिधिलाई एक बर्षभन्दा कम अबधिको भिसा जारी हुने अवस्थामा बहु प्रवेशी व्यावसायिक भिसा जारी गर्दा मासिक ३० अमेरिकी डलर बराबरको नेपाली मुद्रा, बार्षिक रुपमा बहुप्रवेशी व्यावसायिक भिसा जारी गर्दा तीन सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा र पाँच बर्षको बहुप्रवेशी व्यावसायिक भिसा लिन चाहेमा एक हजार अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ग) नेपालमा उत्पादित मालसामान खरिद गरी निकासी गर्ने वा निकासीको लागि खरिद आदेश दिने बिदेशीहरुलाई क्रम संख्या ५ को खण्ड (क) बमोजिमको भिसा दस्तुर लाग्नेछ ।

(घ) क्रमसंख्या ५ को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दश करोड रुपैयाँ वा सो भन्दा बढी ब्यक्तिगत लगानी गर्ने विदेशी र तिनका आश्रित परिवार वा संस्थाका अधिकृत प्रतिनिधिलाई बहुप्रवेशी ब्यवसायिक भिसा जारी गर्दा भिसा दस्तुर लाग्ने छैन ।

(ङ) प्रविधि हस्तान्तरण प्रयोजनका लागि आउने विशेषज्ञ र निजको आश्रित परिवारलाई क्रम संख्या ५ को खण्ड (ख) मा उल्लेख भए बमोजिम भिसा दस्तुर लाग्नेछ ।

६. **अन्तरिम भिसा जारी गर्दा लाग्ने दस्तुर :** पाँच अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. **गैर आवासीय नेपाली भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर :** बहुप्रवेशी भिसाका लागि बार्षिक १०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा र अध्ययन गर्न आउने बिद्यार्थीका हकमा बार्षिक २५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

८. **बहुप्रवेशी सुविधा सहित आवासीय भिसा जारी गर्दा वा नवीकरण गर्दा लाग्ने दस्तुर :**

(क) प्रथम पटक २०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा र नवीकरण गर्दा बार्षिक १०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ख) नियमावलीको नियम ११ को उपनियम (१) को खण्ड (ङ) बमोजिमको विदेशीका लागि प्रथम पटक ७०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा र नवीकरण गर्दा बार्षिक १२०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ग) क्रमसंख्या ८ को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यागमन नियमावली, २०५१ मा भएको प्रथम संशोधन, २०५८ लागु हुनु पूर्व उक्त नियमावलीको नियम ११ को उपनियम (१) को खण्ड (ङ) बमोजिम आवासीय भिसा प्राप्त गरी नेपालमा बसि आएका विदेशीहरुलाई नवीकरण दस्तुर बापत बार्षिक १०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

९. **व्यावसायिक, अध्ययन र गैर पर्यटक भिसाको म्याद थप नगरी बसेका विदेशीको भिसा नियमित गर्दा लाग्ने दस्तुर :**

(क) व्यावसायिक, अध्ययन र गैर पर्यटक भिसाको सिफारिस विभागमा दर्ता भएको मितिदेखि मात्र सिफारिस गरिएको भिसा प्राप्त हुने भएकाले समयमै भिसाको म्याद थप नगरी बसेका विदेशीका हकमा सम्बन्धित निकायबाट पुन सोही भिसाको सिफारिस प्राप्त भएमा म्याद थप नगरी बसेको अवधिका हकमा पहिले जुन भिसामा बसेको हो सो भिसा बापत यस नियमावली बमोजिम लाग्ने दस्तुरमा सत प्रतिशत थप दस्तुर लाग्नेछ तर साविक भिसा पर्यटक भिसा भएमा १५० दिनको अबधि भित्रको भए क्रम संख्या २ बमोजिम पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तुर सरहको दस्तुर ।

(ख) क्रम संख्या ९ को खण्ड (क) बमोजिम पुन सिफारिस प्राप्त नभएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

61

१५० दिनको अबधिभित्रको भए क्रम संख्या २ अनुसार पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तुर सरहको दस्तुर र सो अबधि भन्दा बढी भए ऐनको दफा १० को उपदफा (४) बमोजिम जरिवाना समेत लाग्ने छ ।

१०. पर्यटक भिसा बाहेक अन्य भिसाको मान्य अवधिसम्म मात्र कायम रहने गरी एक प्रवेशी र बहुप्रवेशी सुविधा लिनु परेमा लाग्ने दस्तुर : एक प्रवेशीका लागि २० र बहु प्रवेशीका लागि ६० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

११. अन्य दस्तुर :

(क) प्रवेशस्थलबाट भिसा नलिई प्रवेश गर्ने विदेशीलाई पर्यटक भिसा जारी गर्नु परेमा यस नियमावली बमोजिम लाग्ने दस्तुरमा ५० प्रतिशत थप गरी सो बराबरको नेपाली मुद्रा लाग्नेछ ।

(ख) यात्रा अनुमतिपत्र जारी गर्दा ३० अमेरिकी डलर बराबरको नेपाली मुद्रा लाग्नेछ ।

(ग) आगमन वा प्रस्थान प्रमाणित गर्दा वा भिसा स्थानान्तरण गर्नु परेमा २ अमेरिकी डलर बराबरको नेपाली मुद्रा लाग्नेछ ।

(घ) क्रम संख्या ११ को खण्ड (क) मा जेसुकै लेखिएको भए तापनि यस नियमावली बमोजिम प्रवेश भिसा दस्तुर नलाग्ने व्यवस्था भएका विदेशी (दश वर्ष मुनिका बाहेक) प्रवेशस्थलबाट भिसा नलिई प्रवेश गरेमा बिभागबाट प्रवेश भिसा जारी गर्दा क्रम संख्या १ को खण्ड (क) वा (ख) वा (ग) बमोजिमको दस्तुर बराबरको नेपाली मुद्रा र यस नियमावली वा नेपाल सरकारले भिसा दस्तुर नलाग्ने व्यवस्था गरेका विदेशीले भिसाको म्याद थप नगरी बसेमा भिसा नियमित गर्दा १६ वर्ष मुनिका विदेशीका हकमा निजका अभिभावक र १६ वर्ष माथिका विदेशीका हकमा राहदानी वाहकलाई ऐनको दफा १० को उपदफा (४) अनुसार जरिवाना हुन सक्नेछ ।

१२. भिसा दस्तुरको गणना : पर्यटक भिसा बाहेक अन्य भिसाको दस्तुर गणना गर्ने प्रयोजनका लागि अबधि गणना गर्दा १५ दिन भन्दा कम अवधिको भए १५ दिनसम्मको र १५ दिनभन्दा बढी एक महिना भन्दा कम अबधिको भए १ महिनाको भिसा दस्तुर लाग्ने गरी दस्तुरको गणना गरिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. **आवासीय भिसाको नवीकरण नगरी बसेका विदेशीलाई लाग्ने दस्तुर :** आवासीय भिसा नवीकरण नगरी बसेका विदेशीको भिसा नवीकरण गर्दा नियम बमोजिम लाग्ने दस्तुरमा मासिक ३० अमेरिकी डलर बराबरको नेपाली मुद्रा थप दस्तुर लाग्ने छ।

१४. **गैर आवासीय नेपाली भिसाको म्याद थप नगरी बसेका विदेशीलाई लाग्ने दस्तुर :** गैर आवासीय नेपाली भिसा म्याद थप नगरी बसेका विदेशीको म्याद थप गर्नु परेमा यस नियमावली बमोजिम लाग्ने दस्तुरमा मासिक १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा थप दस्तुर लाग्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।